आज मिति २०७४ पौष २८ गते, शुक्रबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा २१ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी |
|---|---|---|
| हस्ताक्षर | | |
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. श्री मन्दिरा महर्जन | - | नायब सुब्बा |

प्रस्ताव नं. १ मा छलफल गर्दा पशु विकास कार्यक्रमको लागि बजेट तथा कार्यक्रम समितिमार्फत पेश भई आए बमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

- विविध विषयमा छलफल गर्दा राजश्व परामर्श समितिको मिति २०७४/०९/२८ गते दिएको प्रतिवेदन/सिफारिश अनुरुप यस नगरपालिका क्षेत्रभित्र कसैले टेलिफन/ मोबाइल टावर राख्न चाहेमा नगरपालिकामा रु.१०,०००।– (दश हजार रुपैयाँ) दस्तुर बझाउनुपर्ने र वार्षिक रुपमा नवीकरण दस्तुर रु. ५००० लिने। नगरपालिका क्षेत्रभित्र कुन कुन वडामा कुन कुन कम्पनीका टावरहरु छन् वडा कार्यालयबाट अनुगमन गरी नवीकरण को लागी पत्राचार गर्ने । यस नगरपालिकाभित्र ठूला चलचित्र छायांकन रु २००० टेली चलचित्र छायांकन रु. १००० म्यूजिक भिडियो छायांकन रु. ५०० र वनभोज कार्यक्रमको रु. ५०० सरसफाइ शुल्क दस्तुर लिने निर्णय गरियो ।
- मिति २०७४/०७/२० मा बोर्ड निर्णयानुसार वाग्मती करिडोर निर्माणको लागि रु. ३०,००,००० (तिस लाख रुपैंया) विनियोजन गर्ने निर्णय भएकोमा प्राविधिकबाट लागत अनुमान तयार गरी मिति २०७४/०९/११ मा उपभोक्ता समितिसँग भएको सम्झौता अनुरुप काम गर्ने र अरु योजनामा पेश्की नदिने प्रचलनलाइ कायम राख्दै ठूलो रकमको र नगरपालिका मार्फत विभिन्न सरोकारवालाहरुको सहयोगमा हुन लागेको यस काममा बढीमा रु ५,००,००० मात्र पेश्की दिने निर्णय गरियो ।
- आ-आफ्नो वडाक्षेत्रभित्र नक्शा पास नगरी भवन/टहरा/पर्खाल निर्माण गर्न नदिन र सावजनिक क्षेत्र संरक्षणको लागि सबै वडा कार्यालयहरुलाइ पत्राचार गर्ने निर्णय गरियो ।
- वडा नं ४ को मिति २०७४/०९/२३ को पत्रको सम्बन्धमा नगरकार्यपालिकाको मिति २०७४/०९/२८ को निर्णयानुसार साविक सौखेल गा.वि.स. वडा नं ७/ख कित्ता नं. ११ क्षेत्रफल ४-१-०-० जग्गाको जग्गाधनी गोविन्दमान प्रधानलाई उक्त जग्गामा मोही दावी गर्ने यमु गिरीलाइ घर नक्शा निर्माणको लागी मन्जुरीनामा दिनको लागी पत्राचार गर्ने ।
- वडा नं. ७ कोपु गाउँको कात्तिके पाखामा कि. नं. ५१ को जग्गामा निजी कम्पनीसँग सहकार्य गरि स्थानीय युवाहरुको लगानीमा वाईन फ्याक्ट्री रिसोर्ट र वातावरणीय पार्क स्थापना गर्ने कामको लागि अनुगमन गर्ने निर्णय गरियो ।
- निम्न योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।
  डोलखर्क पुस्तकालय भौतिक पूर्वाधार निर्माणबाट युवा तथा बालबालिका दक्षता अभिवृध्दि कार्यक्रम
  चोमु दलित बस्ती गोरेटो बाटो ढुंगा छाप्ने कार्यक्रम बाट चोमु दलित बस्ती मोटरबाटो निर्माण कार्यक्रम
  भण्डारखर्क वर पिपल चौर संरक्षण कार्यक्रमबाट नाम्चे घाटी पाटी निर्माण